याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर

प.स : २०८०/०८१
च.नं. : २३९

मिति : २०८०/०५/०४

**विषय : आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै**
**याङवरक गाउँपालिका, पाँचथर**

उपरोक्त सम्बन्धमा याङवरक गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि ऐन २०७८ को दफा ४ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएका टोल विकास संस्थाले सोहि ऐनको दफा ७ को उपदफा १ बमोजिमको बार्षिक साधारण सभा प्रत्येक वर्षको भाद्र मसान्त भित्र गरि सक्नुपर्ने व्यवस्था भएको र सोही दफाको उपदफा ७ मा प्रत्येक २ वर्षमा नयाँ पदाधिकारी चयन हुने व्यवस्था भएको हुँदा आ- आफ्ना वडा भित्रका सबै टोल विकास संस्थाहरुलाई ऐन बमोजिमको नयाँ पदाधिकारी चयन सहितको बार्षिक साधारण सभाको लागि निर्देशन दिनुका साथै आवश्यक सहजिकरणको लागि अनुरोध छ । पुनश्च : कुनै टोल विकास संस्थाले बाषिक साधारण सभाको लागि समयमै सूचना प्रकाशन नगरेमा वा साधारण सभा गर्न आनाकानी वा ढिलासुस्ती गरेमा सोहि ऐनको दफा ७ को उपदफा २ बमोजिमको वडाबाट नै सूचना प्रकाशन गरी बार्षिक सधारण सभा गराउनुहुन र सबै टोल विकास संस्थाको सधारण सभा पूर्व अनिवार्य लेखा परिक्षण अनिवार्य गर्नुपर्ने भएको हुँदा अनिवार्य लेखापरीक्षण समेत गर्न लगाउनहुन अनुरोध छ ।

२/४

..................
**सुमन लिङ्देन (लिम्बु)**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा
याङवरक गाँपालिका
(कार्यलायको वेवसाइट र फेसबुकमा अपलोड गर्नुहुन)


yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९